CFA

FIRE RESCUE VICTORIA

cfa.vic.gov.au/languages



# के म बारबेक्यू गर्न सक्छु?

**तपाईंले बारबेक्यू प्रयोग गर्नु अघि वा बाहिर खाना पकाउनको लागि आगो बाल्नु अघि, पहिले निम्न कुराहरू जाँच गर्नुहोस्:**

**के यो आगलागीको खतराको समय (Fire Danger Period) छ?**

**के पूर्ण रूपमा आगो निषेधित दिन (Total Fire Ban Day) घोषणा गरिएको छ?**

**खाना पकाउनको लागि आगो बाल्ने नियमहरू वर्षको समय र तपाईं भिक्टोरियाको कुन ठाउँमा हुनुहुन्छ भन्ने आधारमा फरक हुन सक्छ।**

## आगलागीको खतराको अवधि (Fire Danger Periods)

आगलागीको खतराको समयमा (Fire Danger Period) तपाईंले यी नियमहरू पालना नगरेसम्म तपाईं आगो बाल्न वा खाना पकाउनको लागि बारबेक्यू प्रयोग गर्न सक्नुहुन्न:

- हावाको गति 10 किलोमिटर प्रतिघण्टा भन्दा कम हुनु पर्छ। यदि झारपातहरू वरिपरि हावामा उडिरहका छन् भने आगो नबाल्नुहोस्।
- यदि झारपातहरू वरिपरि हावामा उडिरहका छन् भने आगो नबाल्नुहोस्।
- आगो वा बारबेक्यूलाई एक्लै नछोड्नुहोस्। आगो निभाउन सक्ने मानिस सधैं आगोको छेउमा बस्नु पर्छ।
- पकाउन सकिएपछि बारबेक्यू बन्द गर्नु पर्छ वा आगो पूर्ण रूपमा निभाउनु पर्छ।

## पूर्ण रूपमा आगो निषेधित दिनहरुमा (Total Fire Ban Days)

तपाईं ग्यास वा बिजुली बारबेक्यू प्रयोग गर्न सक्नुहुनेछ तर तपाईंले निम्न कुराहरू पालना गर्नु अनिवार्य छः

- आगलागीको खतराको समयमा (Fire Danger Period) लागू हुने  नियमहरू पालना गर्नुहोस् र आगो निभाउन पानी तयार राख्नुहोस्।
- तपाईंसँग 10 लिटर पानी तयार हुनुपर्दछ, वा धारामा जोडिएको नली/पाइप प्रयोगको लागि तयार हुनुपर्छ।

तपाईं काठ वा कोइला (हिट बिड्स) जस्ता ठोस ईन्धन प्रयोग गरेर बाहिर खाना पकाउन सक्नुहुन्न।

- यी बारबेक्यूहरू वा आगो पूर्ण रूपमा आगो निषेधित दिनहरूमा प्रतिबन्धित (Total Fire Ban Day) छन्।

भिक्टोरियामा बाहिर खाना पकाउने सम्बन्धी कानूनको बारेमा तपाईंलाई अझ बढी जान्नु आवश्यक छ।

**cfa.vic.gov.au/languages** मा जानुहोस्।

* व्यावसायिक केटररहरूका लागि विशेष शर्तहरू लागू हुन्छन्। जानकारीको लागि cfa.vic.gov.au/languages हेर्नुहोस्।

थप कुराहरू जान्नको लागि QR कोड स्क्यान गर्नुहोस्।

**हामी सबै मिलेर आगलागीबाट बच्न सक्छौं।**